## जातीय समानताको प्रवर्धनसम्बन्धी विद्यमान तथा योजनाबद्ध उपायहरू

## खाद्य तथा वातावरणसम्बन्धी स्वास्थ्यविज्ञान विभाग

खाद्य तथा वातावरणसम्बन्धी स्वास्थ्यविज्ञान विभाग (FEHD) हङकङमा बिक्री गरिने खाद्य उपभोगका लागि सुरक्षित र स्वस्थ छ भन्ने कुरा सुनिश्चित गर्न र हङकङका मानिसहरूका लागि सफा तथा स्वच्छ बस्ने वातावरण कायम राख्न प्रतिबद्ध छ। FEHD ले सबै सर्वसाधारणको प्रजातीय पृष्ठभूमिलाई ध्यानमा नराखी उनीहरूले हाम्रा सेवाहरू समान तरिकाले प्रयोग गर्न सकून् भन्ने कुरा सुनिश्चित गर्ने कार्यलाई विशेष महत्त्व दिएको छ।

**सम्बन्धित सेवाहरू**

- FEHD ले खाद्य सुरक्षा नियन्त्रण; जीवित जनावरका खाद्यसम्बन्धी आयात नियन्त्रण; खाद्य घटनाहरूको व्यवस्थापन; वातावरणसम्बन्धी स्वास्थ्यविज्ञानका सेवा तथा सुविधाहरूको प्रावधान; एभियन फ्लू, डेङ्गू ज्वरो तथा जापानी एन्सेफ्लाइटिसको सामना गर्ने कार्य र खाद्य सुरक्षा तथा वातारणीय स्वास्थ्यविज्ञानसम्बन्धी सार्वजनिक शिक्षाको प्रवर्धन जस्ता विभिन्न प्रकारका सेवाहरू प्रदान गर्छ।

**विद्यमान उपायहरू**

- FEHD का सेवासम्बन्धी जानकारी FEHD र खाद्य सुरक्षा केन्द्र (CFS) का वेबसाइटमा हङकङका दुई वटा आधिकारिक भाषा (अर्थात् चिनियाँ तथा अङ्ग्रेजी) मा उपलब्ध छ। यसका साथै, जानकारीमूलक तथा शैक्षिक लिफलेटहरू / बुकलेटहरू सर्वसाधारणमाझ उक्त जानकारी फैलाउने प्रयोजनका लागि दुवै आधिकारिक भाषामा प्रकाशन गरिएका छन्।
- FEHD ले वातावरणीय स्वच्छता सेवाहरूका साथै खाद्य सुरक्षा सल्लाहहरू र दिशानिर्देशहरू बहासा इन्डोनेसिया, हिन्दी, जापानी, कोरियाली, नेपाली, तागालोग, थाई र उर्दूलगायत अन्य भाषाहरूमा धेरै पर्चाहरू/शैक्षिक सामग्रीहरू अनुवाद गरेको छ। सहज पहुँच र सन्दर्भको सुविधाको लागि वेबसाइटहरू र FEHD र CFS को सोशल मिडिया प्लेटफर्महरूमा पम्प्लेटहरू / शैक्षिक सामग्रीहरू अपलोड गरिएका छन्।

- दोभाषे सेवाहरू आवश्यक तथा उपयुक्त भएको अवस्थामा हङकङ इसाई सेवाले सञ्चालन गरेको र गृह मामिला विभागले अधिकार दिएको प्रजातीय अल्पसङ्ख्यक निवासीहरूको समानता तथा सुधार केन्द्र (CHEER) मार्फत व्यवस्थापन गरिने छन्। CHEER ले बाहासा इन्डोनेसिया, हिन्दी, नेपाली, तागालग, थाई, उर्दू, भियतनामी र पन्जाबी गरी आठ वटा भाषामा दोभाषे सेवाहरू प्रदान गर्छ। गिरफ्तार गरिएका र/वा अनुसन्धानमा राखिएका व्यक्तिहरूका हकमा उनीहरूले उल्लङ्घनसँग सम्बन्धित कानुन र उनीहरूका अधिकारहरूका बारेमा बुझ्न सकून् भन्ने कुरा सुनिश्चित गर्नु परेका खण्डमा दोभाषे सेवाहरू व्यवस्थापन गरिने छन्।

भावी कार्यको मूल्याङ्कन

- FEHD ले नियमित रूपमा हाम्रा सेवाहरूको मूल्याङ्कन र समीक्षा गर्छ। विभिन्न जातका सेवा प्रयोगकर्ताहरूबाट प्राप्त भएका प्रतिक्रिया / सुझावहरू सेवाहरूको निरन्तर सुधार गर्ने प्रयोजनका लागि प्रयोग गरिने छन्।

अपनाइएका/अपनाइनु पर्ने अतिरिक्त उपायहरू

- जातीय समानताका सम्बन्धमा कर्मचारीहरूको सचेतना तथा संवेदनशीलता परिष्कृत गर्न उनीहरूका लागि तालिमका पाठ्यक्रमहरू व्यवस्थापन गरिन्छ।
- FEHD ले सेवाका थप लिफलेटहरू / पर्चाहरू अन्य भाषाहरूमा अनुवाद गरी उपयुक्त भएअनुसार FEHD तथा CFS का वेबसाइटमा अपलोड गर्न जारी राख्ने छ।

जातीय समानताको प्रवर्धनसम्बन्धी विद्यमान तथा योजनाबद्ध उपायहरूका सम्बन्धमा कुनै प्रश्न भएमा कृपया कार्यकारी अधिकारी (साधारण)3, श्रीमान् Desmond KWOK लाई निम्न च्यानलमार्फत सम्पर्क गर्नुहोस्:


| | | |
|---|---|---|
| टेलिफोन नम्बर | : | 2867 5592 |
| फ्याक्स नम्बर | : | 2869 0169 |
| इमेल ठेगाना | : | dtwkwok@fehd.gov.hk |
| हुलाक ठेगाना | : | Food and Environmental Hygiene Department<br>44/F., Queensway Government Offices<br>66 Queensway<br>Hong Kong |


**खाद्य तथा वातावरणसम्बन्धी स्वास्थ्यविज्ञान विभाग**
**मे 2023**